# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लेकम गाउँपालिका


## दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## लेकम गाउँपालिका
### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लेकम गाउँपालिका

### दार्चुला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लेकम गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले लेकम गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेकम गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू १ करोड ५१ लाख ५२ हजार बेरुजु देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २४ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६७ लाख ४० हजार, नियमित गर्नुपर्ने रु ४० लाख ७२ हजार र पेश्की रू. १९ लाख १५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ९ करोड १० लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ४ करोड १९ लाख ९७ हजार रहेको छ । गाउँपालिका **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

लेकम गाउँपालिका

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु.हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ३७ | १५१५२ | ० | ० | ० | ५९ | ३७ | १५१५२ | २४२४ | ४०७२ | ६७४० | ० | ० | १०८१३ | १९१५ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु.हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लेकम गाउँपालिका, दार्चुला | ९१०६६ | ० | ६४२२१ | २६८४५ | ० | १५१५२ | ४१९९७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : लेकम गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Narayan Datta Bhatt | २०७८-१२-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | nar bahadur thagunna | २०७८-१२-४ | २०७८-१२-१५ |
| कार्यालय प्रमुख | bir bahadur ayer | २०७७-६-४ | २०७८-९-१५ |
| लेखा प्रमुख | mamata bist | २०७६-९-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १५,१५२,६४३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,९२,३६,८९६.७५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,३१,४८,८१६ | **चालु खर्च** | ३०,०८,२२,४७२.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६५,३९,००० | **पूँजीगत खर्च** | ८,५७,३५,७९५ |
| **राजश्व बाँडफाँट** | ५,४९,६३,१३३.३३ | **वित्तीय/अन्य व्यवस्था** | १२,०९,३९,३४८ |
| **आन्तरिक आय** | १९,३२,७६४.९४ | | |
| **अन्य आय** | १९,६३,०४२ | | |
| **कुल आय** | ४९,८५,४६,७५६.२७ | **कुल खर्च** | ५०,७४,९७,६१५.५१ |

| बाँकी मौज्दात | | | | ६,०२,८६,०३७.०२ |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।२१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १८३.४वर्ग किलोमिटर क्षेत्रफल तथा १३,६३८ जनसंख्या रहेको छ । | |
| ३ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । | २,१२२,५५२ |

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाको गत वर्षको जिम्मेवारी रु ७१३५९४४९।२४ रहेकोमा यस वर्ष जिम्मेवारी सारेको रु ६९२३६८९६।७५ रहेको कम जिम्मेवारी सारेको रु २१२२५५२।४९ हिसाव विवरण मिलान गरी पेश गर्नुपर्दछ । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।<br>• वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र मसलन्द) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।<br>• लेखापरीक्षणको समयमा उपस्थित भइ प्रभावकारी लेखापरीक्षण गर्न सवै शाखा महाशाखाको योगदान रहनुपर्नेमा योजना र पुर्वाधार शाखावाट लेखा शाखा तथा लेखापरीक्षणलाइ सक्रीयतापुर्वक सहयोग नगरेकोले सो शाखाका प्रमुखलाइ कानुन वमोजिम विभागीय कारवाही गरीनु पर्दछ । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **वजेट तथा कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **आन्तरीक आय व्यवस्थापन**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र १०३ प्रयोग नगरी आम्दानी गरेको छ । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक/वार्षिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली | |

| | | | | |
|---|---|---|---|---|
| | | | रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ७ | | | **राजश्वको दायरा विस्तार गर्नुपर्नेः**<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२घ) मा गाउँपालिकाको काम कर्तव्य र अधिकार अन्तरगत स्थानिय राजश्वको आधार विस्तार तथा प्रवर्द्धन र राजश्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ।सो अनुसार गाउँपालिकाले राजश्वको आधार विस्तार तथा प्रवर्द्धनको लागि प्रयास गरी राजश्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाइएन। साथै गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं वुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क वुझ्ने परिपाटि रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ राजश्वको दायरा फराकिलो पार्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। | |
| ८ | | | **राजश्वको अभिलेख**<br><br>कार्यालयले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन। अधिल्लो आ.व को बाँकी के कती छन् एकिन गर्न सकिएन। कार्यालयवाट सवै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजश्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्वन्धमा तहा कार्यालयवाटै छानविन गर्नुपर्दछ।अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्वन्धमा विशेष ध्यान पुर्याउनु पर्दछ। | |
| ९ | | | **बजेट प्रक्षेपण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><td>१०</td><td></td><td></td><td>योजना छनौट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ । तर पालिकाले देहाय अनुसारको सानो प्रकृतिका आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै रु. ६१५८२००० को ३०४ वटा योजनाहरुको छनौट तथा कार्यान्वयन गरेको देखियो ।अत पालिकाले आगामी दिनमा मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि नं</th><th>रकम</th><th>योजना संख्या</th><th>वजेट हजारमा</th></tr>
<tr><td>१</td><td>१ लाखसम्म</td><td>१९२</td><td>१३०१४</td></tr>
<tr><td>२</td><td>५ लाखसम्म</td><td>९३</td><td>१९९७२</td></tr>
<tr><td>३</td><td>१० लाखसम्म</td><td>५</td><td>४१४३</td></tr>
<tr><td>४</td><td>५० लाखसम्म</td><td>१४</td><td>२४४५३</td></tr>
<tr><td>५</td><td>जम्मा</td><td>३०४</td><td>६१५८२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.१० लाख भन्दा बढीका जम्मा ५ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका १९२ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था भएकोले दिगो प्रतिफलयुक्त ठूला योजना निर्माण तथा व्यवस्थापनमा जोड दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>ढिलो राजश्व दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) वमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी विवरणमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न मितिमा संकलन गरेको राजश्व रकम समयमा नै बैंक दाखिला गरेको पाइएन। तसर्थ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व ऐन २०७६ को दफा २७(४) अनुसार दश प्रतिशत जरिवाना असुल हुनुपर्ने रु.</td><td>५४,२१०</td></tr>
</table>

| सि.नं. | जिम्मेवार व्यक्ति | पद | संकलन भएको अवधी | बैंक दाखिला मिति | रकम | जरिवाना(१०%) | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १. | श्री धर्मानन्द पन्त | एम्वुलेन्स चालक | श्रावण देखी असोज सम्म | २०७८।११।१६ | ६९४२४ | ६९४२ | **६९४२** |
| २. | श्री अम्मरा वोहोरा | वडा सचिव वडा नं.१ | फागुन देखी जेठ सम्म | २०७९।०४।१० | ८९७०५ | ८९७० | |
| | | | फागुन देखी जेठ सम्म | २०७९।०३।१९ | ३५४५८ | ३५४५ | |
| | | | असोज देखी मंसिर सम्म | २०७८।०९।०६ | १२१२८ | १२१२ | **१५६६३** |
| | | | पौष महिना | २०७८।१०।२६ | ६८६४ | ६८६ | |
| | | | माघ महिना | २०७८।११।११ | १२५०० | १२५० | |
| ३ | श्री दुर्गा दत्त जोशी | वडा सचिव वडा नं.२ | विभिन्न मितिमा | २०७९।०३।२८ | २५३०० | २५३० | **२५३०** |
| ४ | श्री रमेश प्रसाद जोशी | वडा सचिव वडा नं.३ | विभिन्न मितिमा | २०७९।०३।१७ | ४०१३१ | ४००० | **४०००** |
| ५ | श्री कमलापति पन्त | वडा सचिव वडा नं.३ | फागुन महिनाको | २०७९।१२।१० | २१५० | २१५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | श्रावण देखि माघ मसान्त सम्म | २०७८।०९।३० र २०७८।११।०९ | १५२४० | १५२४ | **१७३९** |
| ६ | श्री देव गिरी | वडा सचिव वडा नं.४ | २०७८ फागुन सम्मको | २०७८।१२।२० | ५०८३६ | ५०८३ | **५०८३** |
| ७ | श्री लक्ष्मण राज विष्ट | वडा सचिव वडा नं.५ | श्रावण देखि मंसिर सम्म | २०७८।०९।२५ | ५३९९५ | ५४०० | **१०७२५** |
| | | | असोज देखि पौष सम्म | २०७८।११।११ | २७४२५ | २७४२ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | माघ देखि फागुन सम्म | २०७८।१२।७ | १४८३५ | १४८३ | |
| | | | चैत्र देखि असार सम्म | २०७९।०३।२१ | १११५० | ११०० | |
| ८ | महेश जोशी | वडा सचिव वडा नं.६ | असार देखि असोज सम्म | २०७८।०६।१८ | २९९९९ | ३००० | **५०९०** |
| | | | असोज देखि फागुन सम्म | २०७९।२।२४ | २०९०५ | २०९० | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>कौशिला जोशी</td><td>प्रविधिक सहायक वडा नं. ६</td><td>चैत्र देखि असार सम्म</td><td>२०७९।०३।२८</td><td>२४३८०</td><td>२४३८</td><td>२४३८</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>५४२१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आर्थिक कारोवार<br><br>संविधानको धारा २२८ देखि २३० सम्म स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था छ । कानून बमोजिम वाहेक स्थानीय तहलमा कुनै कर लगाउन उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, पुँजि र श्रमबजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानून बनाई कर लगाउनुपर्ने व्यवस्था छ । स्थानीय तहमा एक स्थानीय संचितकोष रहने, सो कोषमा पालिकालाई प्राप्त हुने सवै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण तथा अनुदान रकम र आन्तरिक रुपमा उठाएको राजस्व लगायतको रकम जम्मा हुने र स्थानीय कानून बमोजिम खर्च गर्ने उल्लेख छ । स्थानीय तहले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सभामा पेश गर्नुपर्ने उल्लेख छ । राजस्व संकलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धी कानून तर्जुमा गरेको छैन । आर्थिक कारोवार संचालन गर्ने कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार गरेको देखियो । वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने गरी आर्थिक कारोवार संचालन गर्न तत्सम्वन्धी कानून बनाई लागू गर्नुपर्दछ ।<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लगू गर्नेपर्ने व्यवस्था भएकोमा पालिकाले योजना तयार गरेको छैन। एकीकृत, समानुपातिक र दिगो विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री माधवी जोशीले २०७८।०३।१२ गते रु. ४७ करोड ६८ लाख ५८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **बरबुझारथ**<br><br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १५ | | | **सम्पत्ति हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १६ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८ करोड ५९ लाख १९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १७ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २५ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. | |

<table>
<tr><td></td><td></td><td></td><td>१९३२७६४। अर्थात अनुमान भन्दा २२.६८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आन्तरिक आय<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३५४७३२७३३.</td><td>१९३२७६४.</td><td>०.५४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>राजश्व अभिलेख<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>मनोरञ्जन कर र व्यवसायिक कर<br><br>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २१ | | | **कन्टिजेन्सी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट रु. १७ लाख ९६हजार रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। | |
| २२ | | | **स्थानीय तहको विभाज्य कोष**<br><br>प्रदेशको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैन । जसबाट अतिरिक्त विज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| २३ | | | **कार्यसम्पन्न प्रतिवेदनः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्र्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| २४ | | | **सार्वजनिक परीक्षण र गुणस्तर परीक्षण**<br><br>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सार्वजनिक निर्माण कार्य स्वीकार गर्दा प्राविधिक | |

<table>
<tr><td></td><td></td><td></td><td>स्पेसिफिकेशन अनुरुपको गुणस्तर कायम रहेको हुनु पर्ने व्यवस्था छ । निर्माण कार्यको प्राविधिक स्पेसिफिकेशनमा गुणस्तर आश्वस्थता योजना पेश गर्ने र सोही योजनाको कार्यान्वयन हुनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न भवन तथा अन्य संरचना निर्माणमा प्रयोग भएका डण्डी गिटि वालुवा ईटा सिमेण्ट लगायतका निर्माण सामाग्रीहरुको गुणस्तर परिक्षण गरेको देखिएन । प्राविधिक स्पेसिफिकेशन अनुसार सबै निर्माण सामाग्रीहरुको गगुणस्तर परीक्षण गरी गुणस्तर प्रति आश्वस्त हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>डोजर एम्वुलेन्स खर्च<br><br>पालिकाले एक स्काभेटर र एक एम्बुलेन्स खरिद गरी संचालनमा रहेको जानकारी प्राप्त भएको छ । एमबुलेन्स चालक र अपरेटरलाई मासिक रु १८ हजार प्रतिमहिना र २२ हजार प्रतिमहिना र थप रु ३००। प्रतिघण्टाको दरले पारीश्रमिक भुक्तानी गर्दै आएको छ । गर्दै आएको देखियो यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छनः<br>१ स्काभेटर चालकको हाजिरी विवरण वेगर वार्षिक रु २८६०००। पारीश्रमिक भुक्तानी भएको छ भने एमवुलेन्स चालकको आंशिक हाजिरी रहेको देखियो ।<br>२ स्काभेटर चालकले पारीश्रमिकका अतिरिक्त रु. ३००। प्रति घण्टाका दरले यस वर्ष १६४५ घण्टाको अपरेटर भत्ता भुक्तानि गरेको देखियो ।<br>३ एम्बुलेन्सबाट यस वर्ष प्राप्त भएको आय ६९४२४। भएको देखाएको छ । उक्त आम्दानीको राजस्व भौचर पेश भएको छैन । लेखापरीक्षणको अवधिमा एमवुलेन्स लामो समयदेखि थन्काएर राखेको देखियो ।<br>४ स्काभेटर र एम्वुलेनस्मा यस वर्ष इन्धन वापत रु १९८९५५७। खर्च गरेको छ । स्काभेटर संचालन भएको ०७८ कार्तिक देखि फागुन तथा असार महिनामा १६५८० लिटर डिजल खपत भएको देखिन्छ । एम्वुलेन्सको आम्दानीको आधारमा १५ प्रतिशत डिजेल खर्च लिँदा स्काभेटरमा १४०९३ लिटर डिजेल प्रयोग भएको देखिन्छ । पालिकाको प्राविधिकबाट उक्त स्काभेटरले प्रति घण्टा २० लिटर डिजल खपत गर्ने गरी लागत अनुमान तयार गरेको देखिन्छ र प्राविधकले लेखापरीक्षणको समयमा वास्तविक रहेको जानकारी गराएको छन । यसलाई आधार लिँदा स्काभेटर जम्मा ७०४ घण्टा मात्र संचालन भएको देखिन्छ । पालिकाको अपरेटरलाई ९४१ घण्टा बढी १६४५ घण्टा संचालन भएको देखाई रु ३०० प्रतिघण्टाको दरले २८२३००। बढि भुक्तानी गरेको छ । सो समयमा खर्च भएको इन्धन खपत र कार्य सम्पन्नको अवस्था एकिन गर्नुपर्ने रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>२५.१</td><td>दानसिँह भाट</td><td>२,८२,३००</td></tr></table></td><td>२८२,३००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>लेखापरीक्षण प्रतिवेदन उपर छलफल<br><br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| २७ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, 1१ कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरेको भएपनि राजपत्रमा प्रकाशन गरेको देखिएन ।राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| २८ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१५०००००। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २९ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा २ फछ्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ३० | | | **अनुगमन प्रतिवेदनः**<br><br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन ।अनुदानबाट संचालित योजनाको नियमित अनुगमन गर्नु पर्दछ । | |
| ३१ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उल्लिखित समितिहरुको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ३२ | | | **चौमासिक खर्च**<br><br>गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३०१२३० | ६१३३५ | ७४७९३ | १६५१०१ | ८६७७२ |
| २ | पुजीगत खर्चतर्फ | ८५९१९ | २००० | १७६७३ | ६६२४६ | ४१६०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | ३८७१४९ | ६३३३५ | ९२४६६ | २३१३४७ | १२८३७९ |
| | प्रतिशत | १०० | १६ | २४ | ६० | ३३ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३८ करोड ७१ लाख ४९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड ३३ लाख ३५ हजार अर्थात १६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड २४ लाख ६६ हजार अर्थात २४ प्रतिशत र तेश्रो चौमासिकमा रु. २३ करोड १३ लाख ४७ हजार अर्थात ६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १२ करोड ८३ लाख ७९ हजार अर्थात ३३ प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

३३

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

क्षेत्रगत बजेट र खर्चको स्थितिः पालिकाबाट यो वर्ष भएको क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९३४७००० | १६३८९४४९ | ४ |
| २ | पूर्वाधार विकास | ११७८९६००० | ७०१२८५७३ | १८ |
| ३ | सामाजिक विकास | २५९०५८००० | २२९५६१४५३ | ५९ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५५५६००० | ४९१९९१५ | १ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७५००१९०६ | ६६१५०९२८ | १७ |
| जम्मा | | ४७६८५८९०६ | ३८७१५०३१८ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५९ प्रतिशत र घटी वातावरण तथा विकासमा शून्य खर्च रहेको छ । मध्यकालीन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको स्थानीय लक्ष्य गन्तव्य र सूचकको आधारमा बजेट सांकेतिकरण गरी बजेट व्यवस्थापनलाई आवधिक योजना अनुकूल समावेशी बनाउनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेख्ने गरेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **लक्ष्य तथा प्रगतिः**<br><br>कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीयका ३०४ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति प्रतिवेदन तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ३६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्ती पूर्ण नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ३७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ५० जना कर्मचारीहरु करारमा राखि रु.१२२५००००। खर्च लेखेको छ । स्थानीय सेवा ऐन तर्जुमा गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । | |

<table>
<tr><td>३८</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याणकारी कोषको व्यवस्था गरेको छैन । ऐन बमोजिमको कल्याणकारी कोषको व्यवस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ वटा दरबन्दी रहेकोमा ४ जना पदपूर्तिको २ वटा रिक्त रहेको छ ।वडाको सेवा प्रवाहालाई प्रभावकारी बनाउन वडाको रिक्त जनशक्ति पुर्ति गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ४७ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्मपन्न भएको मितिले २१ दिन भित्र फछर्यौट भै सक्नुपर्न व्यवस्था छ। पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछर्यौट हुन नसकी पेश्की बाँकीको विवरण कायम गरेको छ। पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.२११) अनुसार पेश्की बाँकी देखिएको पेश्की फछर्यौट हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>पेश्की लिनेको नाम</th><th>योजनाको नाम</th><th>म्याद नाघेको</th><th>म्याद ननाघेको</th></tr>
<tr><td>२०७८/७।३०</td><td>जागृति निर्माण सेवा</td><td>गा.पा भवन निर्माण</td><td></td><td>५०००००0</td></tr>
<tr><td>८८/२०७९।२।२४</td><td>श्री देवी आ वि खम्तड</td><td></td><td>२०००००</td><td></td></tr>
<tr><td colspan="5">उपभोक्ता समिति</td></tr>
<tr><td>२५।२०७९।३।१७</td><td>बमनेता झो.पु योजना उपभोक्ता समिति</td><td>जमुना तातोपान, रिठोगाड झो.पु वमनेत झोलुंगे पूल लेकम ५-६ बमनेत, साजिगाड खोला झो पु</td><td></td><td>१०३४६९२</td></tr>
</table></td><td>१,९१५,०००</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लेक ओडी गाउँ जोड्ने लेकम४ | | | |
| | | | २६/२०७९।३।१७ | रिठेगाड झो पु योजना उपभोक्ता समिति | जमुना तातोपान, रिठोगाड झो. पु वमनेत झोलुंगे पूल लेकम ५-६ बमनेत, साजिगाड खोला झो पु लेक ओडी गाउँ जोड्ने लेकम४ | | ५८३९४३ | |
| | | | २७।२०७९।०३।१९ | जमुना तातोपानी झो पु | जमुना तातोपान, रिठोगाड झो. पु वमनेत झोलुंगे पूल लेकम ५-६ बमनेत, साजिगाड खोला झो पु लेक ओडी गाउँ जोड्ने लेकम४ | | ५९१०९१ | |
| | | | ३३/२०७९।३।२१ | प्रसुति गृह निर्माण वडा नं.१ | प्रसुति गृह निर्माण वडा नं.१ | १५००००० | | |
| | | | **व्यक्तिगत** | | | | | |
| | | | १२/२०७८।१०।०५ | रघुबिर वादी | वादी समुदाय आवास निर्माण | १६५००० | | |
| | | | १३२/२०७८।१०।७ | धर्मानन्द पन्त | बिमा तथा नवीकरण खर्च | ५०००० | | |
| | | | **जम्मा** | | | १९१५००० | ७२०९७२६ | |
| ४१ | | | **स्वास्थ्यका कर्मचारीको तलब तथा भत्ता** | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयले स्वास्थ्यका कर्मचारीहरु तलब तथा भत्ता खर्च लेख्दा तलबी प्रतिवेदन पारित गरी मात्र लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई रु १,३५,१०,७५०। खर्च लेखेको छ। यसले गर्दा तलब तथा ग्रेड बढी भुक्तानी हुने सक्ने देखिन्छ । तसर्थ कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गराई मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ४२ | | | **खर्च मापदण्ड विपरीत खर्च**<br><br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को दफा ७.१.१५ मा अर्थमन्त्रालयले तोकेको खर्चको मापदण्डलाई आधार लिई सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार र कार्यशाला सञ्चालन गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको खर्च मापदण्डभन्दा बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | १५९,३६७ |

| **कार्यक्रमको नाम** | **विवरण** | **दिनुपर्ने भुक्तानी** | **दिएको भुक्तानी** | **बढी भुक्तानी (करबाहेक)** |
|---|---|---|---|---|
| हाउस वायरिङ तालिम ४५ दिन वडा नं १ | सहभागी स्टेशनरी २०जनालाई प्रति व्यक्ति रु ६०। | १२०० | ६२५० | ४९७५ |
| हाउस वायरिङ तालिम ४५ दिन वडा नं ४ | सहभागी स्टेनरी २०जनालाई प्रति व्यक्ति रु ६०। | १२०० | ५००० | ३७४३ |
| ७ दिने उद्धमशिलता विकास तालिम वडा नं १ | प्रशिक्षक पारिश्रमिक<br>२० कक्षाका लागि प्रति कक्षा रु ६०० | १२०००। | २४०००। | १०२०० |
| | सहभागी स्टेशनरी २०जनालाई प्रति व्यक्ति रु ६०। र प्रशिक्षण मसलन्द रु १५००। | २७०० | ६२०० | ३४४८ |
| ७ दिने उद्धमशिलता विकास तालिम वडा नं १ | प्रशिक्षक पारिश्रमिक<br>२० कक्षाका लागि प्रति कक्षा रु ६०० | १२००० | २४००० | १०२०० |
| | सहभागी स्टेशनरी १६ जनालाई प्रति व्यक्ति रु ६०। र प्रशिक्षण मसलन्द रु १५००। | २४६० | ५८०० | ३२९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लघु उद्यम विकास कार्यक्रम-गो भौ नं ५१_ | सहभागी स्टेशनरी ४७ जनालाई प्रति व्यक्ति रु ५०। | २३५० | १४१०० | ११५७४ | |
| | | | | खाजा खाना ४७ जनालाई २ दिनको प्रति व्यक्ति रु २००। | १८८०० | २८२०० | ६४०० | |
| | | | | सहभागि भत्ता ४७ जनालाई २ दिनको प्रति व्यक्ति रु ७००। | ६०२०० | ८६००० | २१९३० | |
| | | | | प्रशिक्षक भत्ता<br>३० कक्षाको प्रति ६०० | १८००० | २२५०० | ३८२५ | |
| | | | उद्म शिलता विकास तालिम बडा नं २ | तालिम मसलन्द | १००० | ४००० | २९५५ | |
| | | | | सहभागी स्टेशनरी २६ जनालाई प्रति सहभागी रु ५० | १३०० | २६०० | १२८० | |
| | | | | प्रशिक्षक भत्ता ८ कक्षाको प्रति ६०० | ४८०० | २४००० | १६३२० | |
| | | | लघु उद्यम विकास कार्यक्रम-गो भौ नं १८२_ | सहभागी स्टेशनरी ४७ जनालाई प्रति व्यक्ति रु ५०। | २३५० | १४१०० | ११५७४ | |
| | | | | खाजा खाना ४७ जनालाई २ दिनको प्रति व्यक्ति रु २००। | १८८०० | २८२०० | ९४०० | |
| | | | | सहभागि भत्ता ४३ जनालाई २ दिनको प्रति व्यक्ति रु ७००। | ६०२०० | ८६००० | २१९३० | |
| | | | | प्रशिक्षक भत्ता | १८००० | २२५०० | ३८२५ | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>३० कक्षाको प्रति ६००</td><td></td><td></td><td></td></tr>
<tr><td>लघु उद्यम विकास कार्यक्रम-गो भौ नं २१_</td><td>सहभागी स्टेशनरी २३ जनालाई प्रति व्यक्ति रु ५०। र प्रशिक्षण मसलन्द रु १०००</td><td>२१५०</td><td>५०००</td><td>२८०८</td></tr>
<tr><td></td><td>सहभागि भत्ता २३ जनालाई १ दिनको प्रति व्यक्ति रु ७००।</td><td>१६१००</td><td>२३०००</td><td>५८६५</td></tr>
<tr><td></td><td>प्रशिक्षक भत्ता<br>३० कक्षाको प्रति ६००</td><td>१८०००</td><td>२२५००</td><td>३८२५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५९३६७</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४३</td>
<td>177</td>
<td>२०७९ -३-२५</td>
<td>पोषण कार्यक्रम (कुखुरा वितरण)<br><br>कार्यालयले प्रसुती भएको महिलालाई वितरण गर्न डि.जे. मल्टिपरपस फार्म हाउस प्रा. लि. बाट ३२८ थान लोकल कुखुरा प्रति कुखुरा ५७५ का दरले रु १८८६००। मा खरिद गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः<br>1. एक जनाले ८ जनाको ३ वटाका दरले कुखुरा हस्ते गरेर बुझेको देखियो । यसकारण सम्बन्धित सो कुखुरो पाएको यकिन गर्न सकिएन।<br>2. पालिकाले विभिन्न १०० जना प्रसुती महिलाहरुलाई ३।३ वटा लोकल कुखुरा वितरण गर्ने निर्णय भएकोमा ४ बर्थिङ सेन्टरमा प्रसुती भएको ११८ जनामध्ये २७ जनाले मात्र लोकल कुखुरा पाएको र ९१ जनाले नपाएको देखिन्छ । यसकारण वितरणको आधार न्यायोचित रहेको यकिन गर्न सकिने देखिएन ।</td>
<td></td>
</tr>
<tr>
<td>४४</td>
<td>108</td>
<td>२०७९ -३-१८</td>
<td>ICT संचालन<br><br>श्री मालिकार्जुन मा वि तेलीगाउँलाई प्रयोगशाला गर्न रकम रु ४९९००० मा भुक्तानी दिएकोमा विभिन्न सामान खरीद गरेकोमा दाखिला नं तथा स्पेशिफिकेशन नं नखुलाई दाखिला प्रतिवेदन पठाएकोले सो सामान वास्तवमा दाखिला भएको हो यकिन गर्न सकिएन। साथै विध्यालयबाट कार्यसम्पन्न प्रतिवेदन समेत प्राप्त नभएकोबाट ICT संचालनमा रहेको यकिन गर्न नसकिने भएकोले सोको सम्बन्धि प्रमाण पेश गर्नुपर्ने रु</td>
<td>४९९,०००</td>
</tr>
<tr>
<td>४५</td>
<td></td>
<td></td>
<td>कार्यक्रम तथा लागत अनुमान स्वीकृती</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको विल भरपाई एवं खर्चको प्रष्ट्याई प्रमाण सबै संलग्न गरी खर्च लेख्नुपर्दछ । उक्त नियमावली को नियम ३६(७)(८) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । तर पालिकाले स्वास्थ्य सम्बन्धी विभिन्भ कार्यक्रम, तालिम र गोष्ठी संचालन गरेको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको तथा त्यसमा सहभागीहरुलाई वितरण गरेको स्टेशनरीको भर्पाइ राखेको पाइएन । यसरी नियममा भएको व्यवस्थाको पालना नहुदाँ कार्यक्रम तथा गोष्टीहरु स्वीकृत कार्यक्रम अनुसार भएको र खरिद गरेको स्टेशनरी सहभागिहरुलाई वितरण गरेको कुरा यकिन गर्नसक्ने देखिएन । | |
| ४६ | | | **कार्यक्रमको प्रभावकारीता र दिगोपना** | |
| ४६.१ | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३९ जनालाई रोजगारी उपलव्ध गराई रु. ६७५३०००।- खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | |
| ४६.२ | | | कार्यालयले विभिन्न १३९ जनालाई १०० दिन रोजगार उपलब्ध गराउन १४ वटा निर्माण योजना तयार गरेको देखिन्छ । तर उक्त कुनै पनि योजना पुर्ण रुपमा सम्पन्न भएको देखिएन । जसकारण एकातिर योजना अधुरो रहेको छ भने अर्को तर्फ रोगारी आवश्यक नरहेको व्यक्तीलाई रोजगारी दिएको हुन सक्ने देखिन्छ । तसर्थ कार्यालयले वास्तव मै बेरोगजार व्यक्तीलाई रोजगार प्रदान गरी योजना सम्पन्न गर्नुपर्दछ । | |
| ४७ | | | **म्यान डेजको गणना**<br><br>कार्यालयले कुनै पनि योजनाको लागि आवश्यक म्यान डेज गणना गर्दा प्राविधिक नर्म्स अनुसार गर्नुपर्दछ । तर कार्यालयले योजनाका लागि आवश्यक जनशक्ति अनुमान नर्म्स अनुसार नगरी नर्म्सभन्दा बढी जनशक्तिलाई योजनाहरुमा भुक्तानी गरेको देखिन्छ । यसकारण थोरै | |

| | | | | |
|---|---|---|---|---|
| | | | कामका लागि बढी ज्यालादारी राखी भुक्तानी भएको छ । तसर्थ कार्यालयले यसलाई नियन्त्रण गरी प्राविधिक नर्म्स अनुसार म्यान डेज गणना गरी कार्य उपलब्धीमा वृध्दि गर्नुपर्दछ । | |
| ४८ | | | **अनुगमन**<br><br>कार्यालयले यस कार्यक्रमअन्तर्गत विभिन्न सहकारी तथा व्यक्तिलाई कृषि विउ खरीद, पोलि हाउस निर्माण, थोपा सिंचाई निर्माण अनुदान दिएकोमा सो अनुदान सुचीकृत किसानको अभिलेख अनुसार प्राथमिकताको आधारमा दोहोरो नपर्ने गरी दिएको नदिएको अभिलेखको अभावमा यकिन हुन सक्ने देखिएन । साथै पालिकाले दिएको अनुदानको उपलब्धी तथा उपयोगिताको अनुगमन गरेको देखिएन । तसर्थ कार्यालयले किसान सूचिकरण अभिलेखबमोजिम अनुदान वितरण तथा अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४९ | | | **उद्यम विकास सम्बन्धी तालिम**<br><br>सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ बमोजिम कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने तथा दफा ५९ मा प्रगती प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले हालसम्म दिएको विभिन्न उद्यम विकास सम्बन्धी तालिम उपयोग र आर्थिक तथा सामाजिक प्रभाव र मेशिन उपकरणको प्रयोगको अवस्था सम्बन्धी कुनै अनुगमन तथा अभिलेख व्यवस्थित रुपमा राखेको देखिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | |
| ५० | | | **औषधी अभिलेख व्यवस्थापन**<br><br>1. कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले औषधी खरिद गरेको उत्पादक कम्पनी डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई खरिद नगरेको तथा सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिम को प्रक्रिया पुयाई औषधी तथा न्यानो झोला खरिदको आवश्यकता र लागत अनुमान तयार गरेको देखिएन । जिन्सी श्रेस्तामा आम्दानी बाध्दा जिल्ला अस्पतालबाट प्राप्त औषधी खरिदको इकाई मूल्य खुलाएर आम्दानी बाधेको तथा न्यानो झोलाको शुरु मौज्दातको अभिलेख राखेको पाइएन । यसरी औषधी तथा न्यानो झोलाको आवश्यकता तथा लागत अनुमान तयार नगर्दा आवश्यक न्यानो झोला र औषधी नै किनिएको र मितव्ययी भई किनिएको कुरा यकिन हुन सकेन ।<br><br>2.नेपाल सरकारबाट खरिद गरी निःशूल्क वितरण गरिने औषधीमा निःशूल्क को छाप लागेको हुनुपर्दछ । पालिकाले खरिद गरेको केहि औषधीको निरिक्षण गर्दा सो छाप लागेको पाइएन । जसबाट खरिद गरिएको औषधी दूरुपयोग हुन सक्ने देखिन्छ ।<br><br>3.पालिकाले औषधी स्म्बन्धी खर्च भएर जाने जिन्सी खाताको छुट्टै अभिलेख राखेको छ । पालिकाले आफै खरिद गरी वा अन्यबाट प्राप्त औषधी दाखिला नं. र प्रति ईकाइ दर उल्लेख नगरी आम्दानी बाध्ने गरेको छ । खर्च लेख्दा हस्तान्तरण फारम मार्फत स्वास्थ्य संस्थाहरुको | |

| | | | | |
|---|---|---|---|---|
| | | | मागको आधार पठाउने गरेको भनेपनि पालिकामा संस्थाबाट प्राप्त माग फारम र हस्तान्तरण गरी पठाएको औषधीको सम्बन्धीत स्वास्थ्य संस्थाले दाखिला गरेको प्रमाण अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ । | |
| ५१ | | | **औषधी खरीद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर, स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. ८५००००। - का औषधि सोझै खरिद गरेको छ। खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण समेत संलग्न राखेको देखिएन । यसकारण उक्त औषधी उत्पादक कम्पनीले प्रकाशित मूल्यसूचिमा खरिद गरेको कुरा यकिन गर्न सकिने आधार भएन । | |
| ५२ | | | **न्यानो झोला खरिद**<br><br>पालिकाको विभिन्न ४ वटा वर्थिङ सेन्टरबाट यस वर्ष ११८ वटा प्रसुतीको केश भएको देखिन्छ । तर कार्यालय यस वर्ष १५० थान न्यानो झोला खरीद गरेको तथा शुरु मौज्दात के कति रहेको थियो सो अभिलेख पाम्समा राखेको देखिएन । तसर्थ शुरु मौज्दातको अभिलेख तथा यस वर्ष रु १३५०००। मा १५० थान खरिद गरेको दाखिला, वितरण तथा बाँकी मौज्दातको परीमाण सम्बन्धी प्रमाण पेश गर्नुपर्ने रु | १३५,००० |
| ५३ | | | **कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना तथा बढी भुक्तानी**<br><br>१. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा ३.१.१ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई यर्थाथ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी स्वीकृत दररेटका आधारमा अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ । तर कार्यालयले सो अनुसार IEMIS मा प्रविष्ट तथ्यांकलाई यर्थाथ तथ्यांकसँग भिडान गरेको देखिएन। यसकारण अनुदान दिएको रकम रु २६३९४४०। यर्थाथ विद्यार्थी संख्यामा दिएको कुरा यकिन गर्न सकिएन । तसर्थ कार्यालयले निर्देशिकामा भएको व्यवस्थाको पुर्ण पालना गर्नुपर्दछ ।<br><br>२. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा ३.१ मा कार्यालयले विद्यालयलाई पाठ्यपुस्तकको रकम तेश्रो त्रैमासिक (चैत्र) भित्र अनुदान रकमको ७५ प्रतिशत संख्यालाई अनुदान दिनुपर्ने र विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा कानुन बमोजिम कारण हुने उल्लेख छ । तर कार्यालयले २०७९ बैशाखबाट शैक्षिक शत्र सुरु हुने भएकोमा २०७९।१।१९ गतेमा अनुदान पठाएको देखिन्छ । यसकारण विद्यार्थीका पठनपाठनमा नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ कार्यालयले निर्देशिकामा भएको व्यवस्थाको पुर्ण पालना गर्नुपर्दछ । | १८८,३९१ |

<table>
<tr><td></td><td></td><td></td><td>३. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा ३.१ मा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेटका आधारमा अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ । तर कार्यालय निम्न कक्षाको निम्न संख्यामा बढी भुक्तानी दिएको देखियो । तसर्थ बढी अनुदान दिएको रकम असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>कक्षा</th><th>विद्यार्थी संख्या</th><th>दिनुपर्ने दररेट</th><th>दिएको दररेट</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>३१५</td><td>५१८।४०</td><td>५७२।४०</td><td>१७०१०।००</td></tr>
<tr><td>४</td><td>३०८</td><td>३६९।६०</td><td>६०४</td><td>७२१९६।००</td></tr>
<tr><td>९</td><td>३४०</td><td>४८५।२८</td><td>७७७</td><td>९९१८५।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१८८३९१।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>Learning by Earning कार्यक्रमको अनुगमन<br><br>पालिकाले विद्यालयहरुलाई अतिरिक्त क्रियाकलाप तथा व्यवस्थापन समिति, पाठ्यपुस्तक खर्च, निरन्तर विद्यार्थी मूल्यांकन खर्च, बालविकास पि.सि.एफ. खर्च, मसलन्द खर्च, सामुदायिक अध्ययन केन्द्र संचालन तथा Learning by Earning कार्यक्रम सम्बन्धी अनुदान दिएकोमा IEMIS र अनुदानको विद्यार्थीको संख्या भिडान नभएकोले निकासा रकम सम्बन्धित प्रयोजनका खर्च भए नभएको अनुगमनको अभावमा यकिन गर्न सकिएन । तसर्थ कार्यालयले समयमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td>66</td><td>२०७९-३-२०</td><td>एफ एम बाट कक्षा संचालन<br><br>1. कार्यालयले सामुदायिक रेडियो लोकदर्पणलाई ०७८।१०।१ गते देखि चैत्र मसान्तसम्म एफ एम मार्फत कक्षा प्रशारणवापत रु ४०००००। भुक्तानी दिएकोमा सो समय प्रत्यक्ष कक्षा संचालन भएको सि.डि. दाखिला गरी अभिलेख राख्नुपर्दछ ।<br>2. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निज भुक्तानी गर्नुपर्ने मुल्य अभिवृध्दि करमध्ये ३० प्रतिशत कट्टा गरी दाखिल गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले सामुदायिक रेडियो लोकदर्पणलाई मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा ३० प्रतिशतले हुन आउने रु ५२०००। कट्टा गरी दाखिला नगरेकोले सोको कर समायोजन पत्र पेश गर्नुपर्ने रु</td><td>५२,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विद्यालयबाट सार्वजनिक खरिद कानुनको पालना</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले विद्यालयहरुलाई पुस्ताकलय व्यवस्थापन, मसलन्द खर्च, आई सि टी स्थापन सम्बन्धी अनुदान दिएकोमा खरीद कार्य सार्वजनिक खरीद ऐन तथा नियमावलीको प्रक्रिया पुयाएको देखिएन । तसर्थ कार्यालयले खरीद प्रक्रिया सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ । | |
| ५७ | | | **शिक्षकको तलब भत्ता भुक्तानी तथा तलबी प्रतिवेदन**<br><br>1. पालिकाले अन्तर्गतका ४७ वटा विद्यालयहरुलाई शिक्षकको तलब भत्ता निकासा दिदाँ सो सम्बन्धि विद्यालयगत निकासा खाता राखेको पाइएन । यसरी विद्यालयगत निकासा खाता नराख्दा विद्यालयबाट माग भएको र पालिकाबाट निकासा दिएको रकम भिडान गर्न सकिने देखिएन । साथै पालिकाले विद्यालयका शिक्षकहरुको अवकास, सरुवा र राजिनामा सम्बन्धी अभिलेख अध्यावधिक गरी नराख्दा त्रैमासिकको बीचमा अवकास, सरुवा र राजिना दिने शिक्षकहरुलाई बढि निकासा हुन सक्ने संभावना रहन्छ । तसर्थ पालिकाले विद्यालयगत निकासा खाता र शिक्षकहरुको अवकास, सरुवा र राजिनामा सम्बन्धी अभिलेख अध्यावधिक गरी राख्नुपर्दछ ।<br>2. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा २ मा कार्यालयले स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई अनुदान दिने उल्लेख छ । तर कार्यालयले स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई रु ११,१९,४४,०००। विद्यालयलाई अनुदान पठाएको देखिन्छ । यसले गर्दा तलब तथा ग्रेड बढी भुक्तानी हुने सक्ने देखिन्छ । तसर्थ कार्यालयले निर्देशिकामा भएको व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गराई मात्र शिक्षकको तलब भत्ता अनुदान भुक्तानी गर्नुपर्दछ ।<br>3. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा २ मा विद्यालयले शिक्षकहरुको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरुलाई मासिक रुपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले त्रैमासिकको अनुदान निकासा दिदाँ अघिल्लो त्रैमासिकको तलब बैकमार्फत शिक्षकहरुलाई भुक्तानी गरेको प्रमाण वेगर नै निकासा दिने गरेर देखियो । तसर्थ कार्यालयले अनुदान दिएको बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिदाँ अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाणको आधारमा मात्र गर्नुपर्दछ । | |
| ५८ | | | **निःशुल्क पाठ्यपुस्तक** | |
| ५८.१ | 74 | २०७९-१-१९ | पाठ्यपुस्तकको अनुदानमध्ये ७५ प्रतिशत अनुदान रु १६६४२९८ र गो भौ नं १२९ बाट २५ प्रतिशत अनुदान रु ९७५१५० गरी जम्मा रु २६३९४४८। भुक्तानी दिएको देखिन्छ । तर कार्यालयको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार ७५ प्रतिशत अनुदान वापत रु १५६७५८६ र बाकी २५ प्रतिशत अनुदान वापत रु ५२२५२९ गरी जम्मा रु २०९०११५ भुक्तानी दिनुपर्नेमा रु ५४९३३३।०० बढी भुक्तानी दिएकोले असुलउपर गर्नुपर्ने रु | ५४९,३३३ |

५८.२

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा ३.१.१ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई यर्थाथ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी स्वीकृत दररेटका आधारमा अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ । तर कार्यालयले IEMIS मा प्रविष्ट गरिएको संख्या भन्दा बढी विद्यार्थी संख्याको आधारमा अनुदान दिएको देखियो । तसर्थ यसरी बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु

| S.N. | School | Total |
|---|---|---|
| १ | Hunainath Ma.Vi.Ratamata | १२९०८ |
| २ | Tamairaj Basic School Jhalati | १५४३० |
| ३ | Hunainath Ma.Vi.Kuni | २६५६८ |
| ४ | Khodainath Basic School Gadet | ४४२८ |
| | जम्मा | ५९३३३ |

५९,३३३

५८.३

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षकको दरबन्दी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी | करार। अस्थायी | राहत | जम्मा | विद्यार्थी संख्या | विद्यार्थी प्रति शिक्षक |
| 1 | श्री गल्लाकेदार मा.वि. खरकडा | 4 | | 5 | 9 | 206 | 23 |
| 2 | श्री हुनैनाथ मा.वि. रातामाटा | ९ | १ | २ | 12 | 129 | 11 |
| 3 | श्री लटिनाथ आ.वि. ओडीगाउँ | ३ | | ३ | 6 | 40 | 7 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 4 | श्री लटिनाथ आ.वि. टकना | २ | | | 2 | 31 | 16 |
| 5 | श्री लटिनाथ आ.वि. मानिबिसा | २ | | | 2 | 27 | 14 |
| 6 | श्री लटिनाथ आ.वि.पैतोली | १ | | | 1 | 21 | 21 |
| 7 | श्री मालिकार्जुन आ.वि.पाती | २ | | | 2 | 23 | 12 |
| 8 | श्री तमैराज आ.वि.झलाती | २ | | १ | 3 | 50 | 17 |
| 9 | श्री तमैराज आ.वि.जोगीभण्डार | | | १ | 1 | 12 | 12 |
| 10 | श्री तमैराज आ.वि. जोगीकोइराली | २ | | १ | 3 | 14 | 5 |
| 11 | श्री तमैराज आ.वि. मलेरा | १ | १ | | 2 | 12 | 6 |
| 12 | श्री तमैराज आ.वि.बुढाकोट | ३ | | | 3 | 58 | 19 |
| 13 | श्री ब्रह्मदेव आ.वि. ऐरपाली | १ | | | 1 | 12 | 12 |
| 14 | श्री देवी आ.वि. खम्तड | ३ | १ | | 4 | 57 | 14 |
| 15 | श्री गणेश मा.वि. गाणगाउँ | ४ | १ | २ | 7 | 56 | 8 |
| 16 | श्री हुनैनाथ मा.वि.कुणी | १० | | २ | 12 | 203 | 17 |
| 17 | श्रीजनज्योती आ.वि.खालीडाडा | २ | | | 2 | 14 | 7 |
| 18 | श्री कालासैनी आ.वि. गोइलाड | | | १ | 1 | 21 | 21 |
| 19 | श्री केदारनाथ आ.वि.रतौडा | ३ | | | 3 | 19 | 6 |
| 20 | श्री केदारनाथ आ.वि.मकन्ना | २ | १ | | 3 | 26 | 9 |
| 21 | श्री कृष्ण मा.वि. लाली | १२ | २ | | 14 | 149 | 11 |
| 22 | मालिकार्जुन आ.वि. किम्तड | | | १ | 1 | 20 | 20 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 23 | श्री शारदा आ.वि. कौलेती | २ | | | 2 | 20 | 10 |
| 24 | श्री सरस्वती आ.वि. विटोरा | ३ | | | 3 | 16 | 5 |
| 25 | श्री ऐडीबाग मा.वि. मैखोली | ४ | १ | २ | 7 | 110 | 16 |
| 26 | श्री बालिचन आ.वि.तिउनेगाउँ | १ | २ | | 3 | 91 | 30 |
| 27 | श्री भगवती आ.वि. पिडअम्कुर | २ | | | 2 | 54 | 27 |
| 28 | श्री भैरवनाथ आ.वि.श्रीपुरमेल्लाउँ | ३ | | | 3 | 83 | 28 |
| 29 | श्री हुनैनाथ आ.वि.सिरोडा | | | २ | 2 | 48 | 24 |
| 30 | श्री हुनैनाथ आ.वि.पिर्तोली | | १ | १ | 2 | 24 | 12 |
| 31 | श्री हुनैनाथ आ.वि. पीड | | | १ | 1 | 20 | 20 |
| 32 | श्री खोदाइनाथ आ.वि. गडेत | | | | 0 | 33 | 0 |
| 33 | श्री लटिनाथ आ.वि.अम्कुर | | | १ | 1 | 24 | 24 |
| 34 | श्री लटिनाथ मा.वि.चौपाता | ११ | १ | २ | 14 | 567 | 41 |
| 35 | श्री लटिनाथ आ.वि. गोगनाविराली | ३ | | | 3 | 61 | 20 |
| 36 | श्री मालिकार्जुन मा.वि.तेलीगाउँ | ५ | १ | ३ | 9 | 180 | 20 |
| 37 | श्री मालिकार्जुन आ.वि.मैखोली | | | ३ | 3 | 61 | 20 |
| 38 | श्री मालिकार्जुन आ.वि.उचाकोट | २ | | १ | 3 | 30 | 10 |
| 39 | श्री बडीपुर मा.वि.सर्मोली | ६ | १ | १ | 8 | 270 | 34 |
| 40 | श्री हुनैनाथ आ.वि.डोवीगाउ | | | २ | 2 | 67 | 34 |
| 41 | श्री हुनैनाथ आ.वि. भटाइजर | ० | ० | १ | 1 | 63 | 63 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>42</td><td>श्री केदारनाथ मा.वि.धरमघर</td><td>६</td><td>१</td><td>३</td><td>10</td><td>176</td><td>18</td></tr>
<tr><td>43</td><td>श्री केदारनाथ आ.वि.वित्थड</td><td>४</td><td></td><td></td><td>4</td><td>71</td><td>18</td></tr>
<tr><td>44</td><td>श्री लटिनाथ आ.वि.चौड वित्थड</td><td>२</td><td></td><td></td><td>2</td><td>19</td><td>10</td></tr>
<tr><td>45</td><td>श्री मालिकार्जून आ.वि. बण्डोली</td><td></td><td></td><td>२</td><td>2</td><td>32</td><td>16</td></tr>
<tr><td>46</td><td>श्री मालिकार्जुन आ.वि. गराडी</td><td>२</td><td>१</td><td>१</td><td>4</td><td>117</td><td>29</td></tr>
<tr><td>47</td><td>श्री पंचदेव आ.वि. विनखाली</td><td>०</td><td>०</td><td>१</td><td>1</td><td>11</td><td>11</td></tr>
<tr><td></td><td>जम्मा</td><td>124</td><td>16</td><td>46</td><td>186</td><td>3448</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.४</td><td>129</td><td>२०७९-३-२१</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा ३.१ मा शैक्षिक शत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने उल्लेख छ । कार्यालयले सो प्रमाण अध्ययन नगरी सम्पूर्ण २५ प्रतिशत अनुदान रु ९७५१५०। निकासा गरेको छ । प्रमाण अध्ययन नगरी निकासा सिफारिश गर्ने शिक्षा शाखाका कर्मचारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९</td><td>179</td><td>२०७९-३-२५</td><td>सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क सेनेटरी प्याड<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को दफा २.५.१० मा स्थानीय तहले सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्मका सबै छात्राहरुलाई महिनावारीको समयमा स्वदेशी उत्पादक कम्पनीको निःशुल्क सेनेटरी प्याड छात्रा विद्यार्थीको संख्याको आधारमा १० महिनाको लागि उपलब्ध गराउने उल्लख छ । तर पालिकाले महिवारीको बेला उपलब्ध गराउनुपर्ने सेनेटरी प्याड समयमा खरिद गरी उपलब्ध गराउनुको साटो २०७९।३।२५ गते बजेट फ्रिज नहुने उद्देश्यले खरिद नगरी विद्यालयलाई भुक्तानी दिएको देखिन्छ । तसर्थ विध्यालयलाई दिएको अनुदानबाट निःशुल्क सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन कार्यविधी) २०७६ बमोजिम खरिद भए सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१,३५०,२००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>गाउँपालिका कृषि तथा पशु तर्फ</td><td></td></tr>
<tr><td>६०.१</td><td>२</td><td>२०७९-७-१५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका कारोबारमा बिक्रेताबाट सोझै खरिद गरी विधुत्तीय माध्यम मार्फत भुक्तानी गर्न सकिने</td><td>४४७,०१६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | अवस्थामा कर्मचारी तथा पदाधिकारीलाई पेश्की दिएको देखियो । यसरी भुक्तानी दिँदा सम्वन्धितले प्राप्त गरेको प्रमाण संलग्न नरहेको हुँदा भुक्तानी ठीक छ भन्ने आधार देखिएन । कानूनमा भएको व्यवस्था विपरीत भएको भुक्तानी सम्वन्धितले प्राप्त गरेको प्रमाण सहित नियमित हुनुपर्ने रु. | |
| ६०. २ | | | पालिकाले यस वर्ष पशु तर्फ रु ३० लाख र कृषि तर्फ रु ३० लाख विनियोजन भएकोमा पशु तर्फ रु २९७०६२०। र कृषि तर्फ रु २९१७१७१। खर्च भएको छ । दुवै कार्यक्रममा कृषक अनुदान शिर्षकमा वजेट विनियोजन गरेको भएपनि निश्चित कार्यविधि तयार नगरेकोले अनुदान भुक्तानीमा एकरुपता रहेको देखिदैन । अनुदान प्रापकले गर्ने कार्यको लागत अनुमान संलग्न नरहेको, निर्माण कार्यको नापी विवरण नरहेको, लागत सहभागिता के शिर्षकमा हो सो नखुलेको, कोभिड प्रभावित कृषकहरुलाई दिएको अनुदानमा लक्षित वर्ग पहिचान आधार नखुलाएको, लक्षित वर्गको आवश्यकता पहिचान नभई पालिकाले खरिद गरि वितरण गरेको जस्ता व्यहोराहरु देखियो । यसबाट पालिकाको विनियोजित रकम उद्देश्यमुलक र प्रभावकारी भएको छ भन्ने आधार देखिएन यस सम्वन्धमा देखिएका थप व्यहोराहरु देहायानुसार छनः | |
| ६०. ३ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु. ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले पशु शाखाको लागि ६ वटा भौचरहरु क्रमश २, ३, ५, ७, १२ र २५ बाट पटक पटक गरी रु १४२६६६०। को औषधि खरिद गरेको देखिएकोले नियम विपरित भएको खरिद नियमित हुनुपर्ने रु | १,४२६,६६० |
| ६०. ४ | १४ | २०७९ -३-२२ | एकल महिला लक्षित व्यवसायिक तरकारी खेतीः तरकारी खेति गर्ने कृषक तथा कोरोना प्रभावित युवा लक्षित कार्यक्रममा ५० प्रतिशत अनुदान फलफुल तथा माहुरी पालनको लागि रु १० लाख विनियोजन भएकोमा पालिकाले कार्यविधि तयार नगरेको कारण लाभग्रहीको पहिचानको आधार के रहेको उल्लेख भएको देखिदैन । लाभग्राहीले गर्ने निर्माण कार्यको लागत अनुमान तयार गरी स्विकृत गरेको देखिदैन । त्यसैगरी कार्यसम्पन्न भएपश्चात तयार गर्नुपर्ने कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको, ५० प्रतिशत लागत सहभागिता के शिर्षकमा सो खुलाई सम्झौता नगरेको तथा कोरोना प्रभावित कृषकहरुलाई वितरण गर्ने उद्देश्य भएतापनि पहिचानको आधार के हो सो खुलाएको देखिदैन । यसबाट वास्तविक कृषक समूहले अनुदान प्राप्त गरेको छ भन्न सकिने आधार नदेखिएकोले वास्तविक प्रमाण पेश गर्नुपर्ने रु | १,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६१ | | | **आमा सुरक्षा कार्यक्रम**<br><br>स्थानीय तहबाट संचालन हुने भनीएको बजेट विनियोजन भएको कार्यक्रममा संघ तथा प्रदेश स्रोतबाट रकम खर्च गरे नगरेकोस्वास्थ्य तथा जनसंख्या विभागको स्थानीय तहहरुको कार्याक्रम संचालन मार्गदर्शनमा स्वास्थ्य संस्थाले निःशुल्क आमा सुरक्षा कार्यक्रम संचालन गरे बापत प्रति केस इकाई मूल्य आमा तथा नवजात शिशु कार्यविधि निदेशिका २०६५,-पहिलो संसोधन २०७३_ अनुसार पाउने र स्वास्थ्य संस्थालाइ प्राप्त हुने इकाई मूल्य बाट प्रसुती सेवा दिनको लागि आवश्यक सामग्री, औषधि (Oxytocin, calcium, gluconate, magnesium, sulphate) लगायत अन्त्य निदेशिकामा तोके बमोजिमले खर्च गर्न सकिने उल्लेख छ । तर यस वर्ष विभिन्न संस्थालाई ११८ प्रसुती केशका लागि प्रति केशको रु १००० का दरले रु ११८०००। अनुदान दिएको सो रकमको खर्च निर्देशिकाले तोकेबमोजिम गरे नगरेको अनुगमनको अभाव यकिन गर्न सकिएन । तसर्थ पालिकाले अनुदानको समुचित उपयोगको सुनिश्चितताका लागि समयमा अनुगमन गर्नुपर्दछ । | |
| ६२ | | | **गाउँपालिका शिक्षा** | |
| ६२.<br>१ | २४ | २०७९<br>-३-७ | तालिम संचालन गर्दा जारी मापदण्ड र निर्देशिका बमोजिम गर्नुपर्दछ । चुडामणी अवस्थीले पेश्की लिई २ दिने आइसिटि तालिम संचालन अधिकतम ४ प्रतिदिन सेसन रहनुपर्नेमा सो भन्दा बढी सेसन संचालन गरी भुक्तानी भएको रु. २५५०। तथा सहभागी ममता विष्ट र केशव कु पाल विदामा रहेको देखिएकोले निजहरुलाई वितरण भएको भत्ता तथा अन्य सामाग्री सहित प्रतिव्यक्ती बुझेको भरपाई बमोजिम रु २७४०। को दरले असुल हुनुपर्दछ । | ८,०३० |
| ६२.<br>२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२ज) मा आधारभतू र माध्यामिक तहको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको भए तापतन शिक्षकको दरबन्दी सृजना र नियुक्ती सम्वन्धमा उल्लेख गरेको देखिदैन । यो वर्ष पालिकाले शिक्षकको दरवन्दी मिलान नगरी स्वीकृत दरवन्दीमा नपरेका एवं गत विगत देखि नै विद्यालयको आन्तरिक श्रोतबाट तलव भत्ता व्यहोरेका शिक्षक तथा मापदण्ड वेगर दरवन्दी सृजना गरी ४७ विद्यालयलाई शिक्षक तलव भत्ता वापत रु. ११८८९०००। खर्च लेखेको छ । शिक्षक दरवन्दी एकिन गरी प्रतिस्पर्धात्मक रुपमा शिक्षक नियुक्ती गर्नुपर्दछ । | |
| ६२.<br>३ | ७ | २०७८<br>-११-३ | कर्मचारी सरुवा भ्रमण खर्च तोकिए बमोजिम पाउनुपर्दछ । पालिकाले शिक्षा अधिकृत श्री केशवराज जोशी व्यास गाउँपालिकाबाट यस पालिकामा सरुवा रमाना भई आउदा लाग्ने २ दिनको निजको परिवार सहित ५ जनाको दैनिक भ्रमण भत्ता, गाडी भाडा सहित र विविध खर्च | १७,०९४ |

| | | | | |
|---|---|---|---|---|
| | | | सहित रु. ५००५०। प्रति व्यक्तीको दरले रु २५२५०। भुक्तानी गर्ने पर्नेमा रु १७०९४। बढी गरेको देखिएकोले बढी रकम असुल हुनुपर्ने देखिएको रु. | |
| ६२.<br>४ | | | स्थानीय तह पाठ्यक्रम निर्माणको लागि पालिकाका आधारभूत तह कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८ को लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न चुडामणी अवस्थीलाई रु. ४९९०८०। पेश्की दिएको छ । पेश भएको प्रमाण अनुसार २ जना विज्ञबाट कार्यशाला गराई कार्यसम्पन्न भएको भएतापनि कार्यक्रमको लागत स्वीकृत नगराएको तथा विज्ञको अनुभव सम्वन्धि प्रमाण संलग्न नगरेको देखियो । खर्च लागत स्वीकृत नगराई विभिन्न शिर्षकमा गरेको खर्च नियमसम्मत नदेखिएको रु | ४९९,०८० |
| ६३ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष २०४ जनालाई रु. २५ लाख ५१ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६४ | | | **लक्षित कार्यक्रम**<br><br>पालिकाले ६ वटै वडाको लागि रु २ लाखको दरले रु १२ लाख वजेट विनियोजन गरेकोमा निश्चित उद्देश्य नराखि भूक्तानी दिएको छ । यसमा देखिएका व्यहोराहरु देहायानुसार छन । १ वडा नं ५ को खर्च विवरण अनुसार २६ सेट ग्यास खरिद गरी वितरण गरेको भरपाई पेश गरेको छ । २ वडा नं २ को खर्च विवरण अनुसार १०५ मिटर पाइन्ट २१० मिटर सर्ट १४६मिटर कुर्ता र १४६ मिटर सुरुवाल खरिद खर्च गरेको छ । ३ वडा नं ४ मा ७ जनाको घरको छानो मर्मत गरेको उल्लेख भएपनि नापी किताव पेश गरेको छैन । लक्षित वर्गलाई अनुदान वितरण गर्दा रोजगार सृजना गर्ने, आयमुलक गतिविधि वढाउने, प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी हुनेगरी दिनुपर्ने सो नगरी पटके खर्च गर्ने दिदा श्रोतको समुचित उपयोग भएको देखिदैन । पालिकाले अनुदान दिदा विचार गरी प्रतिफल जन्य गतिविधि संचालन हुने क्षेत्रमा तोकेर दिनुपर्दछ । | |
| ६५ | ३६<br>१ | २०७९<br>-३-५ | **संचार अनुदान**<br><br>अनुदान निर्दिष्ट लक्ष्य प्राप्तीका लागि निश्चित मापदण्डका आधारमा दिनुपर्दछ । काठमाण्डौ महानगरपालिका वडा नं ३२ ठेगाना भएको सभ्यता मिडिया प्रालिलाई क्यामरा तथा यसका उपकरण किन्न रु. ७२५००। अनुदान दिएको छ । निजी प्रयोजनको लागि पालिकाको कार्यक्षेत्र भन्दा वाहिर रहेको प्रा लिलाई अनुदान दिनु उपयुक्त देखिदैन । अनुदान दिएको असुल गर्नुपर्ने देखिएको रु | ७२,५०० |

<table>
<tr><td>६६</td><td></td><td></td><td>अन्य निकायलाई सोधभर्ना<br><br>सरकारी कार्यालयको लागि वार्षिक वजेटमा समावेश भइ सम्वन्धित कार्यालयको खर्च शिर्षकबाट खर्च हुने गर्दछ । पालिकाले यस वर्ष देहाय बमोजिमका सरकारी कार्यालयलाई विभिन्न खर्च शिर्षकमा शोधभर्ना दिएको छ । यसबाट एक निकायबाट हुनपर्ने खर्च अन्य निकायबाट भएको कारण खर्चमा दोहोरोपना हुने तथा प्रभावकारी हुनसक्ने आधार देखिदैन । यस्तो खर्चमा नियन्त्रण हुनपर्ने देखिएको रु<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>६६.१</td><td></td><td>०</td></tr></table></td><td>४६४,२३४</td></tr>
<tr><td>६७</td><td>३२<br>७</td><td>२०७९<br>-२-१०</td><td>शोधभर्ना खर्च<br><br>मालपोत कार्यालय, दार्चुलाका ५ जना कर्मचारीलाई LRIMS प्रणालीमा प्रविष्टि गरेको भनि रु ४८०००। भूक्तानी दिएको छ । उक्त खर्च मालपोत कार्यालयबाट सोधभर्ना हुने देखिन्छ । सम्वन्धित कार्यालयबाट खर्च भुक्तानी दिन माग भई आएको नदेखिएकोले सोधभर्ना दिन मनासिव नदेखिएको रकम असुल हुनुपर्दछ ।</td><td>४८,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>प्रमाण पेश<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा करारका शर्त बमोजिम नापी कितवामा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका भौचरबाट भुक्तानी गर्दा निम्नानुसार विवरण संलग्न नगरेको देखिएकोले संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।<table><tr><th>भौचरनं/मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफीयत</th></tr><tr><td>४-०७८।९।८</td><td>बाली संरक्षण कार्यक्रम वितरण भरपाई तथा मौज्दात विवरण उल्लेख नभएको ।</td><td>149994</td><td>वितरण भरपाई/मौज्दात विवरण पेश हुनुपर्ने</td></tr><tr><td>४४-०७८।७।१५चालू</td><td>अदालत जवाफको मस्यौदा पारिश्रमिक भुक्तानी</td><td>८००००</td><td>विल संलग्न राख्नुपर्ने ।</td></tr></table></td><td>१,४५५,००३</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ४६-०७८।७।१५चालू | अदालत जवाफको मस्यौदा पारिश्रमिक भुक्तानी | ७०००० | विल संलग्न राख्नुपर्ने । |
| ३११-०७९।१।२३ | लिज लाइन जडानको खरिद आदेश दाखिला वेगर भुक्तानी | ४९८३३० | खरिद आदेश दाखिला प्रमाण पेश गर्नुपर्ने |
| २८-०७८।७।९ | वृत्त चित्र निर्माणको टेलिभिजन कार्यक्रमको डिभिडि प्राप्त नभएको | १४८००८ | डिभिडि प्राप्त गरी दाखिला गर्नुपर्ने |
| २९-०७८।७।९ | वृत्त चित्र निर्माणको टेलिभिजन कार्यक्रमको डिभिडि प्राप्त नभएको | १४८००८ | डिभिडि प्राप्त गरी दाखिला गर्नुपर्ने |
| १११-०७८।९।१८ | मर्निङ वेल नेपाली दैनिकको नाममा भएको सूचना प्रकाशनको भुक्तानी गरेको प्रमाण पेश नभएको । | १९७००० | सूचना प्रकाशनको प्रमाण पेश गर्नुपर्ने |
| १६१-०७८।१०।२८ | १० सेट सिलाई मेशिन खरिद गरेकोमा दाखिला/हस्तान्तरण प्रमाण संलग्न नगरेको | १२२३५३ | दाखिला/हस्तान्तरण प्रमाण संलग्न |
| १६३-०७८।१०।२८ | इन्टरनेट जडानमा ढुवानी खर्चभुक्तानीको भरपाई नभएको । | ३१५०० | भरपाई संलग्न राख्नुपर्ने |
| २१३-०७८।११।२९ | गणेश सिँह धामीको नाममा भुक्तानी भएको रकमको पुष्ट्याई गर्ने कागजात संलग्न गर्नुपर्ने । | ९८१० | आवश्यक कागजात संलग्न गरी नियमित गर्नुपर्ने |
| | जम्मा | १४५५००३ | |

६९ **बढी भुक्तानी** २३१,६३७

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम र्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानी दिदा देहाय बमोजिम रित पुगेको नदेखिएकोले सम्वन्धित बाट असुल गर्नुपर्ने देखिएको रु

| भौचर नं/मिति | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३-०७८/९/८ कृषि | कार्यालयबाट २ घण्टाको पहुचमा रहेको स्थानमा सामान खरिद गर्न भ्रमण खर्च लेखेको रकम असुल हुनुपर्दछ । | ८००० |
| ५-०७८।९।१३ कृषि | पालिकाको कुनै पनि नर्म्स तथा कार्यविधिमा मोबाइल सुविधा उल्लेख नभएकोमा किसान सूचिकरण कार्यको लागि मोवाइल खरिद गरेको असुल हुनुपर्दछ । | ८९९९९ |
| ११-०७८।१२।३० कृषि | सम्झौता बमोजिम ५० प्रतिशत रकम कार्यालय र ५० प्रतिशत लाभग्राहीको रहनुपर्नेमा कुल खर्च रु ७ लाख ५० हजारको ५० प्रतिशत रु ३ लाख ७५ हजार मात्र भुक्तानी हुनुपर्नेमा ५ लाख भएकोले बढी भएको रकम असुल हुनुपर्दछ । | १२५००० |
| ११२-०७८।९।१८ | केशव वहादुर पालको नाममा मिति ०७८।८।२० देखि ०७८।८।२६ सम्म हाजिरी रहेको अवस्थामा भ्रमण खर्च भुक्तानी | ८६३८ |
| | जम्मा | २३१६३७ |

७०

**DPR खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौचर नं/मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १३४-०७९।२।१६ | कुरज्यानी मैची खमटाड कैलेटी गाडागाउँ -विरलेखन रातामाटा | सैपाल इन्जिनियरिङ | १९४२१३१ |
| २२-०७८।६।२३ | | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रालि | १४२३८०० |
| | जम्मा | | ३३६५९३१ |

डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै न्यून आयस्रोत भएका निकायले स्रोत एकिन नगरी यसरी अध्ययन प्रतिवेदन तयार भएका

<table>
<tr><td></td><td></td><td></td><td>आयोजनाहरु कार्यान्वयन गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td>२४३</td><td>२०७९-३-२</td><td>आनुपातिक कट्टी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले उक्त रकम असूल हुनुपर्ने रु<br>
<table>
<tr><td>उपभोक्ता समिति</td><td>लागत अनुमान</td><td>कार्यसम्पादन</td><td>बढी भुक्तानी भएको असुल गर्नुपर्ने रकम</td></tr>
<tr><td>गोकुलेश्वर लाली जोगी कोइराली उ स</td><td>२९०६६९६</td><td>२२७६६२३</td><td>२७०६९१</td></tr>
</table></td><td>२७०,६९१</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अधुरा निर्माण कार्य<br><br>सामुदायिक भवन गोगना विरालीको लागत अनुमान रु ४७५०००। तयार गरी उपभोक्ता समितिबाट कार्य गराएकोमा रेनिफोरस्मेण्ट, काठको कार्य, वाल निर्माण लगायतका कार्यहरुको मात्र गराएको र छानाको कार्य, प्लाष्टरको कार्य, ढलानको तथा झ्याल ढोकाको कार्य वाकी रहेको देखियो । पालिकामा सोधनी हुँदा यस वर्ष उक्त योजनाको लागि रकम विनियोजन नभएको जनाएको छ । साथै, ढाकरा सामुदायिक भवनको कार्य पनि सफा गर्ने, माटो खन्ने, ढुङ्गाको गारो लगाउने र काठको काम मात्र लागत अनुमानमा समावेश गरी रु९६०००। भुक्तानी दिएकोमा छानो नभएको र यस वर्ष थप बजेट पनि विनियोजन नभएको देखियो । यसरी योजना प्रयोग योग्य नवनाई खर्च गर्दा खर्चको उद्देश्य प्राप्त नभइ खेरजाने अवस्थामा रहेको देखिन्छ । पालिकाले यस वाहेक अन्य यस्ता योजनाहरुको निर्माणमा वजेट व्यवस्थापन गरी सम्पन्न गर्नुपर्ने देखिएको रु</td><td>५७१,०००</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>जटिल प्राविधिक कार्य<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित</td><td></td></tr>
</table>

अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।

| सि नं | योजनाको नाम | रकम |
|---|---|---|
| १ | १३-०७८।१०।०७ खिर्रा वडीपुर सडक वडा नं १ उ स | १२४८००० |
| २ | २५०-०७९।३।२४ गोकुलेश्वर लाली भाडी वगौरा उ स | २४००९३५ |
| ३ | २४३-०७९।३।२४ गोकुलेश्वर लाली जोगी कोइराली उ स | २०४८९६१ |
| ४ | १५० ।२०७९।२।२४ | १९२०००० |
|  | जम्मा | ७६१७८९६ |

७४

**सामाजिक सुरक्षा**

**सफ्टवेयर प्रणालीः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको छ। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

**लाभग्राहीको विवरण प्रविष्टि गर्नेः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर

एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन।

**पारदर्शिता र जवाफदेहिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्रुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

**सार्वजनिक सुनुवाईः**

स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

**अनुगमनः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

**भत्ता वितरणः**

यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormat) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि पहिलो चौमासिकको मंसिर ७, दोस्रो चौमासिकको चैत्र ७ एवं तेस्रो चौमासिकको असार मसान्त भित्र भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर,

<table>
<tr><td></td><td></td><td></td><td>बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्रापत गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस वारे पालिकाले कुनै कारवाही गरेको देखिएन।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>अनियमित खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिदा रित पुऱ्याएर दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कारोवारमा देहाय बमोजिम रित पुऱ्याएको नदेखिएकोले रित पुऱ्याइ नियमित हुनुपर्ने देखिएको रु
<table>
<tr><td>भौचर नं/मिति</td><td>विवरण</td><td>रकम</td><td>कैफीयत</td></tr>
<tr><td>११-०७८।१२।३० कृषि</td><td>बाझो जमिनमा फलफुल रोपन कार्यक्रम अन्तर्गत ओखरका वेर्ना १०००० वटा नास्पाती कलमी १५०० वटा, आरु कलमी १५०० वटा र आरु ओखर कली २००० वटा न्यू लव कुश निजी नर्सरीबाट खरिद गरी ७६ जनालाई वितरण गरेको भएपनि लाभग्राहीको माग विवरण तथा लाभग्राहीको अभिलेख नराखि वितरण भरपाईको आधारमा खर्च लेखेको छ ।</td><td>५०००००</td><td>वार्षिक रुपमा यस्ता कार्यक्रमहरु संचालन हुने र लाभग्राहीको अभिलेख पालिकाले नराख्दा लक्षित लाभग्राही अवसर नपाई दोहोरो पर्ने र कार्यक्रम प्रभावहिन हुनसक्ने हुदा लाभग्राही पहिचान र वितरण गरेको सेवाको अभिलेखिकरण गरी नियमित हुनुपर्दछ</td></tr>
<tr><td>८७-०७८।९।९ चालू</td><td>२० प्रतिशत उद्यमीको लागत साझेदारी रहने गरी खत्री आटा मिललाई अनुदान उपलब्ध गराएकोमा लागत अनुमान तयार नगरेकोले गाउँपालिकाको अंश एकिन नगरी भूक्तानी भएको ।</td><td>२०००००</td><td>लागत अनुमान तथा गाउँपालिकाको अंश एकिन गरी नियमित गर्नुपर्ने ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०००००</td><td></td></tr>
</table></td><td>७००,०००</td></tr>
</table>

<table>
<tr><td>७६</td><td></td><td></td><td>श्रेस्ता पेश नभएको<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा (१) मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिमको खर्च लेखापरीक्षणको समयमा पेश गरेको देखिएन । उक्त खर्चको लागत अनुमान, सम्झौता, नापी किताब, कार्यसम्पन्न प्रतिबेदन लगायतका बिवरण र श्रेस्ता कागजात लेखापरीक्षणको क्रममा पेश नभएको रु
<table>
<tr><td>भौचर नं/मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७-०७८-९-१८ कृषि</td><td>कृषि शाखाको कम्प्युटर खर्च भुक्तानी</td><td>२२२६१०</td></tr>
<tr><td>१५-०७९।३।२२</td><td>कृषि शाखाको विभिन्न अनुगमनको भुक्तानी</td><td>१३३०५२</td></tr>
<tr><td>१०७-०७८।९।१४</td><td>न्यायिक समिति कार्यक्रम पेश्की फछ्र्यौट</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५५६६२</td></tr>
</table></td><td>५५५,६६२</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट रु. ६५०१०२१। सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>७८</td><td>180</td><td>२०७८-११-४</td><td>मोवाइल खरिदः<br><br>गाउँ सभावाट स्विकृत योजना सोही वमोजिम कार्यान्वयन हुनुपर्दछ । पालिकाले वडा व्यवस्थापनको स्विकृत वजेट वाट वडा सचिवले २ थान VIVO 2027-Y20 4+64 मोडेलको मोवाइल १ थान र MI Redmi note 10s 6+128 मोडेलको मोवाइल १ थान आशिष इलेक्ट्रोनिक एण्ड मोवाइल संग खरिद गरि रु. ४७६११ भुक्तानी गरेको पाइयो । वडा व्यवस्थापनको लागि छुट्याएको रकम वाट कर्मचारीलाई मोवाइल खरिद गरेको रकम सम्वन्धित खरिदकर्ता राम सिंह साउद वाट असुल हुनुपर्ने रु.</td><td>१९,३५०</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>अस्तित्वमा नरहेको कार्यालयको धरौटी खाता<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ७२ मा कुनै कार्यालय खारेज हुँदा पनि धरौटी रकम बाँकी रहन गएमा त्यस्ता कार्यालयको नाममा रहेको धरौटी खाता बन्द गरी विवरण सहितको धरौटी रकम सो बुझिलिने कार्यालयले पनि सोको अभिलेख राखी</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | धरौटी फछ्र्यौंट सम्बन्धी कारबाही गर्नु पर्ने उल्लेख छ। पालिकालाई साविकको गाँउपालिका तथा विषयगत कार्यालयहरुबाट के कति धरौटी कस कसको नामको धरौटी प्राप्त भएको हो सोको अध्यावधिक अभिलेख राखेको पाइएन। तसर्थ, पालिकाले सो सम्बन्धी अभिलेख तयार गर्नुपर्दछ। | |
| ८० | | | **सम्परीक्षण तथा अनुगमन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३९ र ४० मा लेखा उत्तरदायी अधिकृतबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम संपरीक्षण अनुरोध भएकोमा मनासिव देखि संपरीक्षण भएको छ । | |

| आ व | दफा | फछ्र्यौटको व्यहोरा | रकम रु |
|---|---|---|---|
| २०७५/७६ | 33 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 147000 |
| २०७५/७६ | 34 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 864192 |
| २०७५/७६ | 35 | प्रमाण पेश | 5572140 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 100000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 130000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 100000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 65000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 30000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 500000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 500000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 500000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौंट भइआएको | 500000 |

| | | | |
|---|---|---|---|
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 500000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 2300000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 1800000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 2300000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 1150000 |
| २०७५/७६ | 40 | पेश्कि फछ्र्यौट भइआएको | 2300000 |
| २०७६/७७ | 2 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 13057507.1 |
| २०७६/७७ | 25 | प्रमाण पेश | 8700000 |
| २०७६/७७ | 39 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 2169689 |
| २०७६/७७ | 52 | प्रमाण पेश | 504353 |
| २०७६/७७ | 47 | प्रमाण पेश | 676372.8 |
| २०७६/७७ | 53 | प्रमाण पेश | 3040000 |
| २०७६/७७ | 54.6 | प्रमाण पेश | 5000 |
| २०७६/७७ | 54.7 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 30000 |
| २०७६/७७ | 64 | प्रमाण पेश | 370000 |
| २०७६/७७ | 65 | प्रमाण पेश | 97435 |
| २०७६/७७ | 70 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 36000 |

| | | | |
|---|---|---|---|
| २०७६/७७ | 71 | प्रमाण पेश | 1653289 |
| २०७६/७७ | 73 | प्रमाण पेश | 50430 |
| २०७६/७७ | 76 | प्रमाण पेश | 125000 |
| २०७६/७७ | 77 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 200000 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 419084 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 358376 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 132000 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 165000 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 49500 |
| २०७६/७७ | 69 | पेश्कि फछ्यौंट भइआएको | 132000 |
| २०७६/७७ | 57 | प्रमाण पेश | 36000 |
| २०७६/७७ | 58 | प्रमाण पेश | 17000 |
| २०७७/७८ | 2 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 2383806.76 |
| २०७७/७८ | 24.1 | गाउँसभा र लेखासमितिबाट नियमित गरेको | 900000 |
| २०७७/७८ | 33 | असुल | 13824 |
| २०७७/७८ | 27 | असुल | 8000 |
| २०७७/७८ | 43 | प्रमाण पेश | 1800000 |

| | | | |
|---|---|---|---|
| २०७७/७८ | 43 | प्रमाण पेश | 1800000 |
| २०७७/७८ | 43 | प्रमाण पेश | 700000 |
| २०७७/७८ | 65 | असुल | 307680 |
| २०७७/७८ | 71 | प्रमाण पेश | 696216 |
| २०७७/७८ | 72 | प्रमाण पेश | 537239 |
| २०७७/७८ | 73 | प्रमाण पेश | 493461 |
| २०७७/७८ | 74 | प्रमाण पेश | 520098 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 1000000 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 95702 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 319084 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 148500 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 49500 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 165000 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 165000 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 165000 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 114000 |
| २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 413000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७७/७८ | 77 | पेश्कि फछ्यौंट भइआएको | 44000 | |
| | | | जम्मा | | | 64221478.6 | |